मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ९६ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन ९ गते शुक्रवार (Friday, February 21. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ माघ २६ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

## घुसकाण्ड बाहिरिएपछि सञ्चारमन्त्रीद्वारा राजीनामा



**झापा, फागुन ८।** सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले विहीवार आफ्नो पदबाट राजीनामा दिएका छन् ।

सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभा बैठकमा सो जानकारी दिएका हुन् । प्रतिनिधिसभाको विहीवारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सञ्चारमन्त्री बाँस्कोटाले सेक्युरिटी प्रेस खरिद प्रक्रियामा कमिशन माग गरेको अडियो संवाद सार्वजनिक भएको भन्दै तत्काल उनलाई बर्खास्त गर्न माग गरेपछि सभामुख सापकोटाले सो जानकारी दिएका हुन् ।

प्रतिनिधिसभाको बैठकको शुरुमै कांग्रेसका सांसदले आसनबाट उभिएर विरोध जनाएपछि सभामुखले उनको राजीनामा आइसकेको आफूलाई अनौपचारिक जानकारी प्राप्त भएको बताए ।

सेक्युरिटी प्रिन्टर खरिदमा स्वीस कम्पनीका एजेन्ट विजयप्रकाश मिश्रसँग ५५ करोड रुपैयाँ कमिशन मागेको अडियो सार्वजनिक भएपछि सञ्चारमन्त्री बाँस्कोटाको राजीनामा आएको हो । उनले राजीनामापत्र प्रधानमन्त्री केपी शर्मा ओलीलाई बालुवाटारमा पुगेर बुझाइसकेका छन् । उनले कञ्चनपुरबाट फर्किएलगत्तै पदबाट राजीनामा दिएका हुन् । मिश्रले स्वीस कम्पनीका नेपाली एजेन्टका रुपमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटासँग करोडौं कमिशनको डिल गरेको अडियो सार्वजनिक भएको थियो ।

आफू संलग्न स्वीस कम्पनीले ७५ करोड रुपैयाँ कमिशन दिँदा पनि सञ्चारमन्त्रीले

*(बाँकी अन्तिम पृष्ठमा)*

# मकैबाट मालामाल

**सुरेन्द्र भण्डारी**

**झापा, फागुन ८।** झापामा धानपछि दोस्रो धेरै खेती हुने बाली हो- मकै । उत्पादनका हिसाबले समेत राम्रो हुने भएपछि झापाका अधिकांश कृषक यो समयमा मकै खेती गर्छन् ।

अझ झापामा मकै जोन कार्यक्रम लागू भएपछि मकै खेती गर्ने कृषकको संख्या बढ्दो छ । मकैखतीबाटै मालामाल हुने भएपछि अहिले दक्षिणी झापाको झापा गाउँपालिकाका कृषक व्यवसायिक रुपमा मकै खेतीमा जुटेका छन् । सरकारले कनकाई नगरपालिका र झापा गाउँपालिकामा मकै जोन घोषणा गरेपछि मकै खेतीमा कृषकको रुची बढेर गएको हो । मकै जोन कार्यक्रम अन्तर्गत अहिले कनकाई र झापा गाउँपालिकामा ५ सय विगाह क्षेत्रफलमा व्यवसायिक मकै खेती गरिएको छ ।

झापा गाउँपालिकाको ६ वटा वडामा झण्डै ८० प्रतिशत क्षेत्रफलमा मकै खेती गरिएको छ । एक विगाह क्षेत्रफलमा यहाँका कृषकले एक लाखदेखि एक लाख ५० हजार रुपैयाँसम्म मकै बेचेर आम्दानी गर्ने गरेको झापा गाउँपालिका-३ निवासी देवकुमार गणेशले बताए । उनले भने - यहाँ मकैबाटै मालामाल हुने किसान धेरै छन् । अन्य वालीको तुलनामा मकै खेतीबाट धेरै आम्दानी हुने भएपछि यहाँका कृषक अहिले व्यवसायिक



मकै खेतीमा सक्रिय छन् ।'

गणेशले पनि उन्नतजातको मकै खेती गरेका छन् । उनले वर्णशंकर (हाइब्रेड) मकै लगाएका छन् । आफूले झण्डै एक हेक्टर क्षेत्रफलमा मकै खेती गरेको गणेशको भनाइ छ । विगतका वर्षदेखि नै आफूले मकै खेती गर्दै आएको र गाउँपालिकाले अहिले मकै खेतीका लागि प्रोत्साहन गरेपछि थप उत्साह मिलेको उनको भनाइ छ । उनी भन्छन्- अहिले झापाका अधिकांश कृषक मकै खेतीमा लागेका छन्, झापामा वडा नम्वर १देखि ६सम्म व्यवसायिक मकै खेती हुँदै आएको छ ।

उनीजस्तै स्थानीय गणितप्रसाद गणेशले पनि मकै खेती शुरु गरेको ८/१० वर्ष नै भयो । उनले पनि मकैखेतीबाटै मनग्ये आम्दानी गर्दै आएका छन् । एक विगाहमा एक सय ४० मन मकै उत्पादन गर्ने गणेशले अहिले छैसट्ठी जीरो सात प्रजातिको हाइब्रेड (वर्णशंकर) मकै खेती गरेका छन् ।

स्थानीय प्रजातिको मकैमा भन्दा हाइब्रेड मकै खेतीमा राम्रो आम्दानी हुन्छ- उनले भने- एक विगाहमा खर्च कटाएर पनि एक लाख रुपैयाँ नाफा हुन्छ । उनले अहिले एक विगाह क्षेत्रफलमा हाइब्रेड मकै खेती गरिरहेका छन् । धेरै क्षेत्रफलमा र व्यवसायिक मकै खेती गर्ने कृषकमध्ये पदम सुवेदी पनि एक हुन् । उनले अहिले तीन विगाह क्षेत्रफलमा मकै खेती गरिरहेका छन् ।

उन्नत जातको मकैको बीऊ नेपालमा नपाइने र मकैको बीऊ खरिदमा धेरै पैसा जाने भएकाले नेपालमै उन्नत जातको मकैको बीऊ तयार गरेर कृषकलाई सरकारले उपलब्ध गराउने

*(बाँकी अन्तिम पृष्ठमा)*

## वेश्याबृत्ति गराएको भन्दै तीन जना पक्राउ

**बिर्तामोड, फागुन ८।** महिलाहरुलाई वेश्याबृत्तिमा लगाएको आरोपमा प्रहरीले झापाको काँकरभिट्टाबाट तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ५ घर भई मेचीनगर-७ बस्ने ४४ बर्षीय तुलसी कट्टेल, मेचीनगर-७ बस्ने ५८ बर्षीय हिरा भन्ने शिवप्रसाद घिमिरे र मेचीनगर-६ बस्ने ४६ बर्षीय सूर्य भनिने श्यामप्रसाद शिवाकोटी रहेका छन् । उनीहरुले प्यारिभिट्टामा १६ कोठा भएको चार तले घर भाडामा लिई युवतीहरुलाई राखेर यौनजन्य व्यवसायमा लगाएको प्रहरीको आरोप छ ।

मेचीनगर नगरपालिका-६मा २०/२१ बर्षका दुई जना महिलालाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा उनीहरुले मेचीनगर-

*(बाँकी अन्तिम पृष्ठमा)*

## सीके प्रसाईंको स्मृति दिवस मनाइयो

**विर्तामोड, फागुन ८।** नेपाली राजनीतिमा सरल, आदर्शवान विचारशील नेताका रुपमा परिचित स्वर्गीय सीके प्रसाईको २६औं स्मृति दिवस सम्पन्न भएको छ ।

सीके स्मृति प्रतिष्ठान विर्तामोडको आयोजनामा सम्पन्न कार्यक्रममा बोल्ने अधिकांश नेता तथा सीकेका समकक्षीहरुले उनको नीति, आदर्श, सिद्धान्त र वीपले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादलाई अहिलेका राजनेताहरुले अवलम्बन गर्न नसकेको बताए ।

नेपाली कांग्रेस झापाका सभापति तथा कार्यक्रमका प्रमुख अतिथि उद्धव थापाले सीकेसँगका केही अविस्मरणीय क्षणहरुको स्मरण गर्दै सीकेलाई सम्झँदै गर्दा



कांग्रेसजनले उनको विचार अनुकूल समाजवादी दर्शनबाट चल्नुपर्नेमा जोड दिए ।

राजनीतिको आडमा अकूत सम्पत्ति कमाउने प्रवृत्ति बढेकोतर्फ सचेत गराउँदै सभापति थापाले सीकेलाई सफल

*(बाँकी अन्तिम पृष्ठमा)*

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **फागुन ९ र १०** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु

**झापा, फागुन ८।** मोरङको केरावारी गाउँपालिका-९ बेलचौरीकी ६३ बर्षीया लेखमाया गुरुङको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।

विहीवार बिहान ७ बजे गुरुङको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको भन्ने खबर प्राप्त भएसंगै इलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरी टोलीले घर बाहिर खेतमा मृत अबस्थामा फेला पारेको थियो ।

मृतकको शव कानूनी प्रकृया पूरा गरी परीक्षणको लागि मंगलवारे अस्पताल पठाएको र थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

**डुबेर युवकको मृत्यु**

सुनसरीको रामधुनी नगरपालिका-७का २६ बर्षीय मिलन राईको पैनीमा डुबेर मृत्यु भएको छ ।

बुधवार अपरान्ह ४ बजेको समयमा रामधुनी नगरपालिका-७ चौबीसबिघा भन्ने स्थानमा रहेको पैनीमा नुहाउने क्रममा अचानक डुब्दा राईको घटनास्थलमा नै मृत्यु भएको बताइएको छ । खबर प्राप्त भएसंगै इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले राईलाई पैनीमा मृत फेला पारेको थियो । मृतकको कानूनी प्रकृया पूरा गरी शव परीक्षणको लागि वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

**दुर्घटनामा चालकको मृत्यु**

मोरङको कटहरी गाउँपालिका-१को भित्री सडकखण्डमा ट्याक्टर दुर्घटनामा परी चालकको मृत्यु भएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**सीपी होटल एण्ड पार्टी प्यालेस**

थप सुविधासहित हजुरहरुको सेवामा







विशेषताहरुः
१) शान्त रेष्टुरेन्टमा स्वस्थ्य तथा गुणस्तरीय खाना
२) A/C तथा Non A/C रुमहरु
३) विवाह, पार्टी, ब्रतबन्ध, सेमीनार आदिको लागि ५००+ क्षमता भएका २ वटा पूर्ण A/C सहितको पार्टी हल ।
४) पर्याप्त पार्किङ सुविधा
५) पूर्वपश्चिम राजमार्ग अन्तर्गत बिर्तामोड पश्चिम बस स्टेण्डबाट मात्र ५० मिटर दक्षिण

**सीपी होटल एण्ड पार्टी प्यालेस**
बिर्तामोड-१, पश्चिम स्टेण्डबाट ५० मिटर दक्षिण
फोनन ०२३-५४४२१७, ९८५२६७१२७०

## लागूऔषधसहित एक जना पक्राउ

**झापा, फागुन ८।** झापाको मेचीनगर-१० टीकापुरबाट १०० ग्राम ब्राउन सुगरसहित एक जना पक्राउ परेका छन् ।

बिशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय धुलावारीबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका-१०का ३८ बर्षीय हिरालाल राजवंशीलाई १०० ग्राम ब्राउन सुगरसहित बुधवार पक्राउ गरेको हो ।

पक्राउ परेका राजवंशीको सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

**ADMISSIONS GOING ON**

**M.B.A**



01 Evening Classes
Globally Recognized Degree.
02 2 years (4 Semester) Course
Approved by ministry of Education, Nepal
03 5 days a Week
T.U. Equivalent Degree.

**Balmiki lincoln College**
Birtamode, Jhapa
023-542373/ 9815999988
Balmiki.lincoln@gmail.com
Facebook.com/Balmikilincoln

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**





ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्टस पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्टस एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

गोमेन्द्र महाविद्यालयद्वारा साढे सात लाखको छात्रवृत्ति

# 'गोमेन्द्र सम्मान' भट्टराईलाई




**बिर्तामोड, फागुन ८।** गोमेन्द्र महा विद्यालय बिर्तामोडले सात लाख ५२ हजार ५ सय रुपैयाँ बराबरका छात्रबृत्ति विद्यार्थीलाई वितरण गरेको छ।

महाविद्यालयको २४औं बार्षिकोत्सवका अबसरमा विहीवार एक कार्यक्रम गर्दै विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने समाजका लब्धप्रतिष्ठत व्यक्तिसहित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो। महाविद्यालयमा अध्ययनरत् विद्यार्थीमध्ये सर्बोत्कृष्ट अंक ल्याउने विद्यार्थी, गरीब, जेहन्दार तथा अनुशासित विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो।

महाविद्यालयका अध्यक्ष गणेशप्रसाद खनालको अध्यक्षतामा भएको कार्यक्रममा गोमेन्द्र सम्मान-२०७६ बाट साहित्यकार विष्णु कुमार भट्टराईलाई सम्मान गरिएको छ। एघार हजार एक सय ११ रुपैयाँ पुरस्कार राशिको सो सम्मान बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारीले प्रदान गरेका थिए। २०७१ सालमा स्थापना गरिएको उक्त पुरस्कार यसअघि विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई प्रदान गरिएको थियो।

त्यस्तै गोमेन्द्र दीर्घ सेवा सम्मान गणेशप्रसाद खनाललाई प्रदान गरिएको छ। ५ हजार ५ सय ५५ रुपैयाँ राशिको उक्त पुरस्कार प्रमुख अतिथि भण्डारीले खनाललाई प्रदान गरेका थिए। यता प्रेम कुमारी वोहोराबाट स्थापना गरिएको राधादेवी सुवेदी पुरस्कार यो वर्ष सागर चौहानलाई प्रदान गरिएको छ। पुरस्कारको राशि ५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ।

स्व. जयनारायण खनाल पुरस्कारबाट सामना लिङ्देन पुरस्कृत भएकी छिन्। उनलाई ५ हजार ५ सय ५५ रुपैयाँ राशिको पुरस्कार प्रदान गरिएको छ। उनी वीवीए सन् २०१५ व्याजकी विद्यार्थी हुन्।

स्व. दाताराम शर्मा खनाल स्मृति पुरस्कार वीवीए सन् २०१५ व्याजका राजकुमार अधिकारीलाई प्रदान गरिएको छ। पुरस्कारको राशि ५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ। त्यस्तै गोविन्द-इन्द्र स्मृति पुरस्कार प्रिया गिरीलाई प्रदान गरिएको छ। पुरस्कारको राशि ५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ।

महाविद्यालयले वीवीए अध्ययनरत् बिजय वुढाथोकी, कृष्णप्रसाद अर्याल, इसिका ओझा, भवनाथ चापागाँई, बाँदल न्यौपाने, सुजन सापकोटा, सुमन भट्टराई, राजकुमार अधिकारी, विजय थापा मगर, अपेक्षा श्रेष्ठ, उत्सव घले, विजेता न्यौपाने, सन्देश सिटौला, मञ्जिला घिमिरे, रसना गुरुङ, युगेश कट्टुवाल, अनिता कार्की, रवीना देव, सुजाता कार्की, देवेश देवलाई छात्रवृत्ति प्रदान गरिएको विद्यालयका सह प्राध्यापक सरु भुर्तेल खनालले जानकारी दिइन्। महाविद्यालयले अभिभावकलाई समेत सम्मान गरेको छ।

विद्यार्थी अञ्जलि ओलीले स्वागत गरेको कार्यक्रममा सांस्कृतिक प्रस्तुति पनि रहेका थिए। सो समारोहमा साहित्यकार केशव आचार्य, एक्सल डेभलपमेन्ट बिर्तामोडका दिनेश पोखरेल, प्रेमप्रसाद सिटौला लगायतले बोलेका थिए। शैक्षिक गतिविधिका विषयमा प्राध्यापक डा. रुपक खनालले प्रकाश पारेको कार्यक्रमको सञ्चालन शिक्षक शेखर पाण्डेले गरेका थिए।

## प्रजातान्त्रिक योद्धालाई सम्मान



**काँकरभिट्टा, फागुन ८।** प्रजातन्त्र दिवसको अवसर पारेर धुलाबारी जेसीजले प्रजातान्त्रिक योद्धा प्रेम राईलाई सम्मान गरेको छ।

मेचीनगर-६ काँकरभिट्टा निवासी राईलाई धुलाबारी जेसीजले उनकै घरमा पुगेर दोसल्ला ओढाएर सम्मान-पत्रसहिकत सम्मानित गरेको हो।

प्रजातन्त्र दिवसको अवसरमा हरेक बर्ष एक जना प्रजातान्त्रिक योद्धालाई सम्मान गर्ने कार्यक्रम अन्तरगत यो बर्ष राईलाई सम्मान गरिएको धुलाबारी जेसीजका अध्यक्ष सागर खनालले बताए

युवाहरुको संस्थाले आफ्नो योगदानलाई सम्झिएर घरैमा आएर आफूलाई सम्मान गरेकोमा गर्व महशुस भएको सम्मानित ७७ बर्षीय राईले बताए। राईले भने- 'बिगतका धेरै कुरा त बिरामीका कारण स्मरणमा छैन तर पनि युवा अवस्थामा देशको लागि आन्दोलनमा होमिएको थिएँ।'

नेपालमा प्रजातान्त्रिक आन्दोलनका क्रममा ७ बर्षसम्म भारतमा निर्वासित जीवन बिताएका राई नेपाली कांग्रेसका पुराना नेता हुन्। धुलाबारी जेसीजका महासचिव राजीव प्रसाईको सञ्चालनमा सम्पन्न सम्मान कार्यक्रममा नेपाल तरुण दल क्षेत्रीय सभापति अर्जुन राई, बिद्यार्थी नेता अशोक राई, धुलाबारी जेसीजका पूर्व अध्यक्ष नारायण खनालसहित जेसीज पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

## थ्री स्टार फाइलनमा

**झिलझिले, फागुन ८।** तेस्रो सताक्षी गोल्डकपको बिहीबार भएको पहिलो सेमीफाइनल खेलमा थ्री स्टार क्लब काठमाडौं विजयी भएको छ। जितसँगै थ्री स्टारले कम्तीमा तीन लाख रुपैयाँ पक्का गरेको छ।

आयोजक सतासीधाम स्पोर्टिङ क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्दै थ्री स्टार फाइनलमा प्रवेश गरेको हो। खेलको म्यान अफ द म्याच थ्री स्टारका अनन्त तामाङ घोषित भए। उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे। सतासीधाम स्पोर्टिङ क्लबले आयोजना गरेको प्रतियोगिताका विजेताले ६ लाख नगद पाउनेछ भने उपविजेताले ३ लाख पाउनेछ। दोस्रो सेमीफाइनल खेल लिग बिजेता मच्छिन्द्र फुटबल क्लब र दोस्रो स्थानको त्रिभुवन आर्मी क्लबबीच हुने आयोजकले जनाएको छ।

### छुट्टाछुट्टै ...

विहीवार बिहान राति साढे १ बजेको समयमा को२त ६७३६ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा सोही ट्याक्टरले किचेर चालक ग्रामथान गाउँपालिका-५का २४ बर्षीय युवराज भगतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। प्रहरी टोली घटनास्थल पुगी कानूनी प्रकृया पूरा गरी शव परीक्षणको लागी कोशी अस्पताल बिराटनगर पठाएको र थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

### वेश्याबृत्ति ...

७स्थित प्यारिभिट्टामा घर भाडामा लिई यौनजन्य गतिविधिमा आफूहरुलाई लगाउने गरेको बताएसँगै यौनधन्दाको पर्दाफास भएको थियो।

सञ्चालकले महिलाहरुलाई प्रतिरात २५ सय रुपैयाँ रकम दिने प्रलोभन देखाई ग्राहकहरुसँग १० हजारसम्म लिने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ। प्रहरीले युवतीको उद्धार गरी पुनःस्थापनाका लागि काठमाडौं पठाएको छ भने यौनजन्य गतिविधिमा लगाउने सञ्चालक तीनै जनालाई मानव बेचबिखन मुद्दा दर्ता गरेको बताइएको छ।

### घुसकाण्ड...

प्रिन्टरको भाउ बढाएर पनि ४ अर्बभन्दा बढी झिक्न भनेको अडियो बुधबारदेखि भाइरल भइरहेको थियो। मिश्रले कम्पनीबाट प्राप्त हुने ७५ करोडमध्ये ५५ करोड रुपैयाँ कमिशन दिँदा पनि सञ्चारमन्त्रीले जर्मन कम्पनीबाट प्रिन्टर ल्याउन खोजेको रिसमा उक्त अडियो सार्वजनिक गरेका थिए। बाँस्कोटाले कञ्चनपुरमा आयोजित एक कार्यक्रममा बिहीबारै आफूले कुनै गल्ती नगरेको भन्दै नखाएको विष नलाग्ने तर्क गरेका थिए।

सभामुख सापकोटाले शहरी विकासमन्त्री समेत रहेका बाँस्कोटाको राजीनामा आइसकेको जानकारी गराउँदै बैठक सञ्चालन गर्न आग्रह गरे पनि काँग्रेसका सांसद आसनबाट उभिइरहेपछि बैठक लागि स्थगन गरिएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही फागुन १३ गते अपरान्ह १:०० बजे बस्नेछ।

### मकैबाट ...

हो भने मकैखेती गर्ने कृषकले निराश बन्नुपर्ने थिएन। अहिले मकैको बीऊ खरिद गर्न भारतीय वजारमा भर पर्नु परेको उनको भनाइ छ।

झापा गाउँपालिकाले कृषकका लागि विभिन्न शीर्षकमा बजेट विनियोजन गर्दै मकै खेतीका लागि समेत प्रोत्साहन गरेको छ। जसका कारण झापा गाउँपालिकाका कृषकले अहिले तोरी र गहुँ खेती भन्दा धेरै क्षेत्रफलमा मकै खेती गरिरहेको गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए। उनले भने- 'झापाको सबैभन्दा धेरै मकै उत्पादन हुने क्षेत्र झापा गाउँपालिका नै हो, अझ झापा गाउँपालिका मकै जोन घोषणासँगै कृषकमा मकै खेती प्रति उत्साह छाएको छ।'

अध्यक्ष साहका अनुसार झापाका कृषक मकै खेतीका लागि आत्मनिर्भर बन्दै गएका छन्। मकै जोनले किसानको लागत मूल्य घटाउने तथा उत्पादन वृद्धिमा सहयोग गरेकाले गाउँपालिकाका अन्य वडामा पनि मकै जोन विस्तारका लागि पहल गरिरहेको उनको भनाइ छ। मकै जोन सञ्चालनमा आएपछि उन्नत जातको मकै उत्पादन, समूहमा मकै खेती शुरु भएको झापा गाउँपालिकाका वडा नम्वर १का अध्यक्ष राजकुमार साहले बताए। मकै भण्डारण केन्द्र निर्माण गर्न सके कृषकलाई थप फाइदा हुने वडाध्यक्ष साहको भनाइ छ।

झापा गाउँपालिका-६मा ५० विगाह क्षेत्रफलमा मकै खेती हुँदै आएको बताइएको छ। झापा गाउँपालिकाको प्रत्येक वडामा १ हजार विगाह जमिनमा मकै खेती गर्न सकिने बताइन्छ।

सरकारले मकै खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न जोन कार्यक्रम लागू भएको स्थानमा अनुसन्धान, माटो तथा बाली संरक्षण शिविर, आकस्मिक बाली संरक्षण सेवा, प्रविधि प्रदर्शन, कस्टम हायरिङ सेन्टर स्थापना, साना सिञ्चाइ, उद्यमशीलता तथा क्षमता अभिवृद्धि तालिम, प्रचारप्रसारलगायत विभिन्न १२ वटा शीर्षकमा बजेट विनियोजन गरेको छ। उत्पादनका लागि उर्वरभूमि मानिने झापा र कनकाई नगरपालिकामा मात्रै मकै जोन सञ्चालनका लागि चालू वर्ष संघीय सरकारबाट १ करोड २४ लाख ६५ हजार रुपैयाँ बजेट विनियोजन भएको झापा जिल्ला जोन परियोजना कार्यान्वयन इकाइका प्रमुख रवीन्द्र सुवेदीले जानकारी दिए। झापा गाउँपालिका-६ र कनकाई नगरपालिका-५मा गरी ५ सय हेक्टर क्षेत्रफलमा मकै जोन कार्यक्रम सञ्चालनमा रहेको सुवेदीको भनाइ छ।

झापामा प्रत्येक वर्ष २ लाख ८ हजार मेट्रिक टन मकै उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्रको तथ्यांकमा उल्लेख छ। झापामा बसन्ते मकै ३१ हजार हेक्टर र हिउँदे मकै ८ हजार हेक्टर र बर्खे मकै ९ सय हेक्टरमा उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र झापाको तथ्यांकमा उल्लेख छ।

नेपालमा ९ लाख ५८ हजार हेक्टर जमिनमा मकै खेती गर्न सकिने सरकारी तथ्याङ्क छ। गत वर्ष उत्पादन भएको ४ टन हाइब्रेड मकैमध्ये झापाको महारानीझोडा साना किसान कृषि सहकारी संस्थाले नमूना एकीकृत खेतीमार्फत २.२ टन मकै उत्पादन गरेको थियो। देशभरमा चार टन उत्पादन भएको रामपुर १० जातको बीऊमध्ये समूहले मात्र दुई टन उत्पादन गरेको एकीकृत खेतीका अध्यक्ष वेधनिधि चापागाईंले जानकारी दिए। बाँकी २.५ टन मकै लुम्बिनी सीड उत्पादन कम्पनीले गरेको थियो।

नेपालमा वार्षिक १० हजार टन हाइब्रेड मकैको बीऊ आवश्यक पर्ने भए पनि नेपालको उत्पादन चार टनमात्र रहेको बाली अनुसन्धान कार्यक्रम रामपुरको तथ्यांकमा उल्लेख छ। बाँकी बहुर्राष्ट्रिय कम्पनीका मकैको बीऊ नेपाल भित्रिने राष्ट्रिय मकै बाली अनुसन्धान कार्यक्रम रामपुरका प्रमुख डा. केशवबाबु कोइरालाले बताए।

### सीके ...

राजनीतिज्ञ बनाउन गिरिराजकुमारी प्रसाईको त्याग र सहयोग उल्लेखनीय भएको चर्चा गरे।

संविधानसभा सदस्य तथा नेपाली कांग्रेसका निवर्तमान सभापति सुधिरकुमार शिवाकोटीले सीकेले नै आफूलाई संरक्षण गरेको बताउँदै भने- 'सीके ज्ञान र विचारको भण्डार हुनुहुन्थ्यो, कांग्रेसले चाहेको भए सीकेले हजारौं पुस्तक लेख्नसक्ने क्षमता राख्नुहुन्थ्यो।'

कांग्रेसको राजनीतिक इतिहासमा सीकेलाई इन्साइक्लोपेडियाका रुपमा चिनिने बताउँदै नेता शिवाकोटीले कांग्रेसले उनको चिन्तनको उपयोग र अनुशरण गर्न नसकेको धारणा राखे।

पूर्वसांसद डिल्ली सिटौलाले वीपी र सीकेको प्रजातान्त्रिक समाजवादमा आधारित रहेर नेपाली अर्थतन्त्र अनुकूल समाजवादी आर्थिक खाका नबनेको धारणा राखे। 'सीकेले कस्तो नेपाल चाहनुभएको थियो ? आज नेपाल कस्तो हुँदैछ ? यसको अध्ययन जरुरी छ'- सिटौलाले भने।

यस्तै सीकेका समकालीन नेता पूर्णानन्द शर्माले 'प्रजातान्त्रिक समाजवादका अनुयायीले उच्च खानपान, मधुपान, महलजस्ता विषय नसुहाउने विषय हुन्' भन्दै सीके प्रसाईंले मुरै बोकेर गाउँ-गाउँमा हिँडेरै राजनीति गरेको प्रसङ्ग उल्लेख गरे।

विराट-भरत विश्रान्ति आश्रमका अध्यक्ष हर्कलाल गिरीलगायतले मन्तव्य राखेको कार्यक्रमको औचित्यमाथि प्रतिष्ठानका पूर्वअध्यक्ष लोकराज ढकालले प्रकाश पारेका थिए। प्रतिष्ठानका अध्यक्ष टीका प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कुमार भट्टराई र सञ्चालन महासचिव लक्ष्मी आचार्यले गरेका थिए। बुवा देवीप्रसाद र आमा देवकुमारी प्रसाईका सुपुत्र प्रसाईंको जन्म वि.सं. १९८८ सालमा भएको थियो।

नेपाली राजनीतिमा बौद्धिक चिन्तक, दार्शनिक राजनीतिज्ञ र निष्ठावान नेताको रुपमा परिचित उनले काठमाडौंबाट प्राथमिक शिक्षा लिएका थिए भने बनारसबाट एमकमसम्मको अध्ययन पूरा गरी २०१४ सालबाट झापामा बसोबास गर्न थालेका थिए।

वि.सं.२०१७ सालमा तत्कालीन जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालालाई अपदस्त गरेर पञ्चायत सरकारले सर्वस्वहरण गरेपछि उनी भारत निर्वासित भएका थिए। भारतमा बस्दा उत्तर बङ्गाल विश्वविद्यालयमा अध्यापन समेत गराएका प्रसाईले राजनीति र दर्शन विषयमा विभिन्न पुस्तकहरु लेखेका छन्। तीमध्ये आजको सरल राजनीति र अनुवादित कृति कम्युनिष्ट मेनिफेस्टो समाजवादको आधारशीला चर्चित छन्। नेपाली कांग्रेस केन्द्रीय समितिको प्रवक्तासमेतको जिम्मेवारी संम्हालेका प्रसाईंको २०५० सालमा निधन भएको थियो।


## सूचना

- सम्बन्धित निकायमा दर्ता गरेर मात्र वस्तु वा सेवाको उत्पादन र विक्री वितरण सम्बन्धी कारोबार गरौं।
- जाँच नगराएको वा रोगी, मरेको पशुपन्छीको मासु तथा मिसावट गरेको मासु विक्री नगरौं र नगराऔं।
- गुणस्तरीय वस्तु वा सेवाको उपभोग गर्न पाउने उपभोक्ताको संवैधानिक हक तथा मानवअधिकारको सम्मान गरौं र गराऔं।
- कसैले उपभोक्ता हितमा प्रतिकुल असर पर्ने काम कार्वाही गरेको पाइएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं।
- जाँच नभएका र निरीक्षकद्वारा जाँचको टाँचा नलगाइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र विक्री, वितरण वा प्रयोगमा नल्याऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## तुरुन्त चाहियो

बिर्तामोडस्थित मनमोहन हस्पिटलको क्यान्टिनलाई आकर्षक तलब सुविधासहित तल उल्लेखित अनुभवी स्टाफ चाहिएकोले चाँडो सम्पर्क गर्नु होला।
नेपाली खानालाई स्पेसल कुक : १ किचन मःमः मास्टर : १ हेल्पर : १
तलब : स्पेसल अनुभवी कुक भएमा रु. २०,०००/- भन्दा माथि हुनेछ।
मो. ९८१७३६४३८९/९८२७३३१६३३ (अर्जुन कुमार)

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## आकर्षक घडेरी बिक्रीमा

साविक शनिश्चरे-३ हाल अर्जुनधारा नगरपालिका-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनका लागि अति उपयुक्त, १६ धुरदेखि २५ घरसम्मका भिट्टाहरु सुपथ मूल्यमा बिक्रीमा रहेको जानकारी गराइन्छ। इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।
नोटः बाटोको भाग पिचको बीच भागबाट ५२ फिट कट्टा गरी दिइन्छ।
सम्पर्कः एनआईसी एशिया बैंक, शनिश्चरे शाखा भएको भवन
मोवाइल नम्बरः ९८४२६२४१५०, ९८१७०२१८५५

## हार्दिक श्रद्धाञ्जलि/समवेदना

इन्द्रै विन्ती गरून् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

हाम्रा प्रातः स्मरणीय एवम् अनन्यभित्र बसन्त रिमालका पुजनीय पिता **पं. तोयानाथ रिमाल**को यही मिति २०७६ माघ २६ गते आइतवारका दिन भएको असामयिक एवम् दुःखद् निधनले हाम्रो परिवार स्तब्ध एवम् मर्माहत भएको छ। दुःखको यस घडीमा गतात्माको शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

साथै शोकको पीडादायी क्षणमा रहनुभएका यादव-हिमा, बसन्त-पूजा, छोरीज्वाइँ टीका-टंक न्यौपाने, मेनुका-रामचन्द्र पौडेल, योगकुमारी-राजु पराजुलीसहित ६ नाति, ४ नातिनीबुहारी, ११ नातिनी, १० नातिनीज्वाइँ, २ पनाति, १ पनातिनी बुहारी र १ जनातिनी लगायत सम्पूर्ण रिमाल परिवारमा शोक सहन गर्ने शक्ति मिलोस् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।



स्व. पं. तोयानाथ रिमाल
जन्मः १९९० चैत २० गते
निधनः २०७६ माघ २६ गते

आमाः केशरदेवी घिमिरे
छोराः लव घिमिरे
बिर्तामोड नगरपालिका-५, झापा

## पसल विक्रीमा

बिर्तामोड नयाँ बसपार्कस्थित कान्तिपुर ड्राइभिङ स्कुलको उत्तरमा चालू अवस्थामा रहेको के.एन.पी. जापान नेरोल्याक पेन्ट्सको डिलर विक्रीमा रहेकोले लिन इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
फोन नं. ९८५२६७१७३७, ९८१७९७२०३७, ९८१४९१४२०५

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।
तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)
सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

उद्योगी व्यवसायीहरुको हित
युवा स्वरोजगारको दिगो व्यवस्थापन

## साधारणसभा सम्बन्धी सूचना

यही २०७६ साल फागुन १० गते शनिवारको दिन फर्निचर तथा फर्निसिङ व्यवसायी संघ झापाको छैठौं बार्षिक साधारणसभा तथा वनभोज कार्यक्रम हुने भएकाले झापाभरिका फर्निचर तथा फर्निसिङ उद्योगी, व्यवसायीहरुलाई तपशिलको समय र स्थानमा अनिवार्य उपस्थित हुनका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।
मितिः २०७६ फागुन १० शनिवार
समयः विहान ८ बजे स्थानः धनुषकोटीधाम सुरुङ्गा
चन्द्रप्रसाद गिरी
अध्यक्ष (९८४२७५४३००)

## सूचना ! सूचना !! सूचना !!!

झापा जिल्लाकै ऐतिहासिक बजार शनिश्चरेमा सञ्चालन हुँदै आएको यस जलकन्या इञ्जिनियरिङ प्रा.लि.को सम्पर्क कार्यालय सोही बजारस्थित शनिश्चरे सपिङ कम्प्लेक्सको ग्राउण्ड फ्लोरमा सरेको सबैमा जानकारी गराउादछौं।
हाम्रा सेवाहरुः
♦घरनक्सा डिजाइन ♦सुपरभिजनको सुविधा
♦अनुमानित लागत खर्च मूल्याङ्कन ♦बैंकिङ मूल्याङ्कन
सम्पर्क : अस्मिता खनाल ९८१७०८१०४५/रोहित राजवंशी ९८१७०८११३७/ विमल नेपाल ९८१७०८११४५/९८१७०८११४०
जलकन्या इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.
अर्जुनधारा-८, शनिश्चरे बजार (झापा)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# शिवतत्वको पहिचान गरौं

आज महाशिवरात्री । वैदिकसनातनी धर्मका अनुयायीहरुका लागि यो दिन विशेष महत्व रहेको छ । चन्द्रमासको चौधौं दिन अर्थात् चन्द्रमा उदाउनु अघिको रातलाई शिवरात्री भनिन्छ । हरेक वर्षको फागुन महिनाको कृष्ण चतुर्दशीमा पर्ने महाशिवरात्रीको आध्यात्मिक र सांस्कृतिक महत्व छ । त्यसमा पनि नेपाल सनातन संस्कृतिको आधारभूमि हो । अनेक देवी–देवताहरुले विचरण गरेको, ऋषि–महर्षिहरुले ज्ञान आर्जन गरेको पुण्य र पवित्र भूमि नेपाल वैदिक सनातन हिन्दू धर्म मान्नेहरुका लागि सर्वोच्च तीर्थ नै हो । त्यहीकारण आज भारत लगायतका देशहरुबाट असंख्य भक्तजनहरु पशुपतिनाथ मन्दिरमा उपस्थित भएर भगवान शिवको विशेष पूजा आराधना गर्दछन् ।

नेपाली धर्म, संस्कृति, संस्कार एवम् चाडपर्वहरुमा सम्पन्न छौं । वर्षको तीन सय पैंसठ्ठी दिन नै कुनै न कुनै चाडपर्व पर्छन् र तिनले हामीलाई उद्देश्यपूर्ण र सार्थक जीवन जिउन प्रेरणा दिन्छन् । कुनै अन्ननामको ऐश्वर्य भित्र्याउन, कुनै शरीरलाई शुद्ध पार्न, कुनै मन, विचार र कर्मलाई उद्देश्यमूलक बनाउन त कुनै विज्ञानसँग जोड्ने हाम्रा पर्वहरुको सूचीमा महाशिवरात्रीको छुट्टै स्थान रहेको छ । शिवरात्रीकै लागि आउने दर्शनार्थीहरुको भीडमा साधुसन्त, सन्यासी–जोगीहरुको बेग्लै उपस्थिति रहन्छ । जसलाई सरकारका तर्फबाट पशुपति विकास कोष मार्फत दक्षिणा, भेटीसहित औपचारिक रुपमै विदाइ गर्ने परम्परा छ ।

भगवान शिव निराकार छन् । उनको प्रारम्भ र समापनको कुनै रेखा वा चिह्न छैन । उनको क्रोध र आवेगले संसारलाई क्षणमै विनाश गर्न सक्छ । ब्रह्माण्डमा रहेको हावा, पानी, आकाश, आगो र माटोलाई पञ्चतत्व भनिन्छ । सम्पूर्ण सृष्टि यही पञ्चतत्वबाट बनिएको हुन्छ । मानिस पनि यही तत्वको सृजना हो र यी पाँचतत्वका स्रोत र आधार भगवान शिव हुन् । विश्व ब्रह्माण्डमा भएका सबै विकृति र विसंगतिहरुलाई समन गर्न सक्ने एकमात्र शक्ति शिवशक्ति हो । त्यही कारण शिवले कालकुट विष पिएर संसारलाई सुख र खुशी दिए । शिव त्यही तत्व हुन्, जसमा रहेको करुणा सतीदेवीको मृत्युबाट उत्पन्न वियोगमा देखिएको छ । सतीदेवीको मृत शरीर बोकेर लामो समय विश्व ब्रह्माण्डको यात्रा गरे शिवले ।

भगवान शिवको वार्षिकीको यो दिन पर्वत रुपधारण गरेको दिन पनि हो । योगी र साधकहरुका लागि शिव शक्ति आदि गुरु हुन् जसले सप्तऋषिहरुलाई योग शिक्षा हस्तान्तरण गरेका थिए । त्यहीकारण दया, माया, करुणा, प्रेम, निष्ठा र समर्पणका पर्याय भगवान शिवप्रति हामी पनि समर्पित होऔं । शिवतत्वलाई आत्मसात गरौं, रिसराग, अहंकारलाई त्यागौं र जीवनलाई उद्देश्यपूर्ण र सार्थक बनाऔं । आजका दिनले सबै मानिसलाई सत्य र निष्ठाको बाटोमा हिंड्न प्रेरित गरोस्– शुभकामना ।

### सामाजिक सञ्जाल



अब उप्रान्त बलात्कारका सबै मुद्दाहरुको फैसला महराको जतिकै चाँडो होस् । किनकि अरुलाई यस्ता घटनामा न्याय पाउन बर्षौं लागेको नजिर छ ।

**– सजेश शिवाकोटी**



आरोप सञ्चारमन्त्री गोकुल बाँस्कोटालाई लागेको भएता पनि, नैतिक कठघरामा प्रधानमन्त्री ओलीजी पर्नुभएको छ । दोष प्रमाणित होला र नहोला त्यो आफ्नै ठाउँमा छ, तर गणतन्त्र नेपालको प्रधानमन्त्री पदको गरिमा रक्षाका लागि पनि गोकुलजीले हाल पदबाट राजीनामा गर्दा उपयुक्त हुन्छ ।

**– विजय कुमार**


# शिवरात्रीको महिमा



**कृष्णप्रसाद ढकाल**

फाल्गुन कृष्ण चतुर्दशी आराध्यदेव भोलेनाथको सम्झना स्वरुपको महाशिवरात्री व्रत पर्वको अध्यात्मिक र सास्कृतिक महत्व अतुलनीय छ। बराहपुराणमा उल्लेख भए अनुसार पशु भन्नाले विद्या, पशुपतिको अर्थ विद्याका पति हुनेले विद्या आर्जनमा पशुपतिको आराधना। शिवजीलाई मानिसहरु धेरै नामबाट चिन्छन्, जस्तैः शंकर, महेश, महादेव, रुद्र, पशुपति, कैलाशपति, भोलेनाथ।

प्राणी जतिको हीतलाई अग्रभागमा राखेर हलाहल विष पिउँदा बिषको तापले निलकण्ठ भई चिसोको खोजीमा गोंसाईंकुण्ड पुग्ने र पत्नी सतीदेवीको असामयिक निधनको वियोगमा मृत शरीरलाई बोकेर आँशुका धारा बगाउँदै लामो समयसम्म रातदिन नभनी ब्रम्हाण्ड यात्रा गर्ने मनको यति सफा र कमलो व्यक्तित्व कहाँ पाइन्छ ? कहाँ देखिन्छ ? खोइ घमण्ड ? त्यो पीडादायी यात्राका क्रममा गल्दै गएको सतीदेवीको शरीरका अङ्गहरु जहाँ-जहाँ बिसर्जन भए त्यहाँ-त्यहाँ लोकहीतका उद्देश्यबाट शक्तिपीठको उत्पत्ति र स्थापना हुँदै गए।



पौराणिक ग्रन्थका अनुसार शिव परिवारको वासस्थान कैलाशपर्वत हो। तापनि माता पार्वतीका मनोरम वासस्थानहरु जसलाई शक्तिपीठका रुपमा हेरिन्छ। ती नेपालका बिभिन्न ठाउँहरुमा छन्। ताप्लेजुङको पाथीभरा। शिवपार्वती सनातनीहरुका संरक्षक मानिन्छन् र उनको सम्झनामा मनाइने पर्व शिवरात्रीलाई 'महाशिवरात्री व्रत पर्व' भनिन्छ। प्रायः उस्तै लाग्ने मानी आएका केही रात्रीकालीन पर्वहरुमा शिवरात्री (शिव भगवानको उपासना गर्ने रात), मोहरात्री (श्रीकृष्ण जन्म भएको रात), कालरात्री (हिन्दूहरुको महादशमी चाडमा महाअष्टमी र महानवमीबीचको रात) र सुखरात्रि (त्यौहारमा चारैतिर उज्यालो पारेर लक्ष्मीपूजा मनाउने गरिएको रात)का नामहरु उल्लेखनीय छन्।

पूर्वका पशुपतिनाथ भनेर चिनिएको अर्जुनधारा जलेश्वरधाममा महाशिवरात्री व्रत पर्व धूमधामसँग मनाउने परम्परा छ। त्यसरी नै बुद्धशान्ति साधूकुटीमा पनि मनाइन्छ। श्री जगदीश्वर शिव पाञ्चायन मन्दिर बुद्धशान्ति-२ जयपुरमा भब्य अनुष्ठानले निरन्तरता पाइरहेको छ। धार्मिक र सांस्कृतिक रुपमा मनाइने गरिएको 'महाशिवरात्रि व्रत पर्व' हिजोआज अझ व्यवस्थित गरी आस्था र विश्वासले मनाउन थालिएको देखिन्छ। हिमवत्खण्ड नेपाल माहात्म्यमा महाशिवरात्री पर्व मनाइने प्राचीनकालको मुख्य केन्द्र काठमाडौं उपत्यकालाई 'पाशुपत् क्षेत्र' भनी उल्लेख गरिएको पाइन्छ। छिमेकी मुलुक भारतबाट पनि शिवरात्री पर्वको उत्सवको उपलक्ष्यमा पशुपतिनाथको दर्शन समेत हुनेगरी आस्था र विश्वास बोकेर आएका साधुसन्त र भक्तहरुको घुइँचो बिहानैदेखि पशुपति मन्दिर वरको रिङरोडसम्म लाइन देखिन्छ।

**सन्दर्भ : महाशिवरात्री व्रत पर्व**

रेडक्रस, परोपकार, स्काउटहरुले दर्शनार्थीहरुका लागि सेवाका आवश्यक व्यवस्था गरिरहेका हुन्छन्। बेलुका भक्तजनहरु धुनी जगाउँदै अनेक भजनकिर्तन गरी जाग्राम बस्छन्। 'पशुपतिनाथको जय, पशुपति महादेवको जय'का नाराहरु लगाइरहेका हुन्छन्। गुठी सस्थानबाट यी सबैको खानपीन र बसोबासको व्यवस्था हुन्छ। जसरी कास्मिरमा अमरनाथ, उत्तर प्रदेशमा केदारनाथ, नेपालमा पशुपतिनाथलाई शिव आराधनामा हिमालय क्षेत्रका प्रमूख धार्मिकस्थान मानिन्छन् त्यसरी नै (१)गोसाइँ थान र (२) मुक्तिनाथ समेत प्रसिद्ध छन्। यसै दिन दिउँसो टुँडिखेलमा सैनिक दिवसको उपलक्ष्यमा नेपाली सैनिकहरुद्वारा परेड लगायतका कार्यक्रमहरुको समारोह पनि भइरहेको हुन्छ। जसलाई वरिपरि बाक्लै रुपमा उपस्थित भएका मानिसहरु उभिएरै रमाउँदै हेर्ने गर्दछन्।

महाशिवरात्री पर्व सन्दर्भमा पाइएका कथाहरु मध्ये एउटा तात्विक रहस्य भएको कथा चाहिँ यसप्रकार छ-एकजना ब्याधा शिकारको खोजी गर्दै हिंड्दा घनाजङ्गलमा पुगेछ। दिनभरि जताततै घुम्यो रात परुञ्जेलसम्म शिकार भेट्टाउन सकेन। थकान र हैरानीले दिक्क भई, जङ्गलभित्रै पोखरी नजिकैको बेलको रुखमुनि बास बस्यो। त्यसको नजिकैमा बाक्लो गरी बेलपत्रले छोपिएको शिवजीको मूर्ती रहेछ उसले देखेको थिएन। दिनभर असफल भएको दिक्दारी र पीडाले मनमा अनेक कुरा खेलाउँदै, बेलका पात टिप्दै फाल्दा त्यसै प्रतिमामा पर्दोरहेछ। यसैको प्रभावले मनमा केही परिवर्तनहरु भएछन्। त्यतिकैमा एउटी मृगिणी पानी खान भनेर त्यहाँ आई, त्यो देखेर ब्याधाले बल्ल शिकार फेला पऱ्यो भनी धनुष बाण ठीक पार्न थाल्यो।

त्यो देखेर मृगिणीले हतार-हतार ब्याधासँग अनुरोध गर्दै भनी 'ब्याधा दाइ कृपया मलाई अहिले नमार, किनभने घरमा दूध ख्वाउनुपर्ने मेरा साना-साना नानीहरु छन्। उनीहरुलाई पहिले घर गएर मेरो दूध खुवाउँछु र फर्केर फेरि यही आउँछु, अनि जे गर्छौ गर !' मृगिणीका यो हृदयविदारक कुरा सुनेर उसको मन पग्ल्यो र 'हुन्छ' भनी धनुषबाण थन्क्याएर मृगिणीलाई जान दियो। आ-आफ्नो बचन राख्नलाई सबै मृगहरु ब्याधाका अगाडि देखापर्न आए। तर, शिवजीका प्रतिमामा झुक्किएरै भए पनि बेलका पात चढाएका कारण त्यसको अन्तःकरणमा सत्वगुणको बिकास भइसकेको हुनाले ती मृगहरु उसकासामु बचन राख्न देखा परे पनि उसले ती मृगहरुमा धनुषबाण चलाउने हिम्मत गर्न सकेन।

आज यस्तो अनौठो कसरी भएको होला ! भनेर विचार गर्दा उसलाई थाहा भयो 'त्यो दिन फाल्गुण कृष्ण चतुर्दशी अर्थात् महाशिवरात्रीको दिन परेको रहेछ, अनि शिवजीको प्रतिमामा बेलपत्र चढाएको प्रभावको कारणले उसको ज्ञानचक्षु खुलेको रहेछ।' पछि कथाको अन्त्यमा शिवदूतहरु आएर त्यसलाई शिवलोक लगेको प्रसङ्ग आउँछ यसरी धर्मबाट सद्गति प्राप्त हुनेरहेछ भन्ने एउटा ज्वलन्त उदाहरण बन्न पुग्छ।

हिमतत्वखण्डको तीर्थमय यो पावनभूमि नेपालमा, पशुपतिनाथको प्रभाव अतुलनीय र अवर्णनीय छ। संसारमा सबै कुरा शिवतत्वबाटै आउँछ र त्यहीं मिल्छ, त्यसैले शिवतत्वलाई आत्मसात गरौं। धन, जन वा तन त्यागेर होइन सच्चा र प्रिय हुन, अहम् त्यागौं। शिवको प्रिय देखिइने बहानाको गाँजा, भाङ, धतुरो, रिस, राग र अहंकार लगायत निसाको सेवन त्यागौं। सच्चा शिवभक्त बनौं, यो अनमोल जीवनलाई असल मार्ग उन्मुख गराउँदै महाशिवरात्री व्रत पर्वलाई नितान्त आफ्नो जीवन मानेर आस्था र विश्वाससँग खुब खुशियालीपूर्वक एकजुट भएर मिलेर रमाउँदै मनाऔं। जय शम्भो। शुभकामना !

# विद्यालय र समुदायको अन्तरसम्बन्ध

**□ सुदर्शन अधिकारी**

विद्यालय बालबालिकाको शिक्षा आर्जन गर्ने महत्वपूर्ण स्थल हो जहाँ औपचारिक रूपले निर्धारित विषयवस्तु सिकाउने गरिन्छ। शिक्षा मानव विकासको महत्वपूर्ण तत्व भएकाले यसको विकासमा हरेक देशले जोड दिएको हुन्छ। मानवले उसका जीवनका प्रत्येक घटना र परिवेशबाट शिक्षा प्राप्त गरिरहेको हुन्छ। बालबालिकाले विभिन्न व्यक्ति, संघ-संस्था, समुदायबाट पनि शिक्षा प्राप्त गरिरहेको हुन्छ। औपचारिक रूपमा विद्यालयबाट शिक्षा प्राप्त गरेको हुन्छ भने अनौपचारिक रूपमा समाजका विभिन्न घटना, परिवेश, संघ-संस्था आदिबाट शिक्षा हासिल गरिरहेको हुन्छ। तसर्थ विद्यालय रहेको समाज तथा समुदायबाट औपचारिक रूपमा सिकाइ भइरहेको हुन्छ। वास्तवमा शिक्षा सामाजिक प्रक्रियाका रूपमा रहेको हुन्छ।

सामाजिक प्रक्रिया भन्नाले समाजमा भएका रीतिरिवाज, चाडपर्व, भाषा, धर्म, संस्कृति लगायतका संरचनासँग परिचित हुँदै समाजमा घुलमिल हुने प्रक्रिया हो भन्ने बुझिन्छ। मानिस सामाजिक प्राणी भएकाले अरूले आर्जन गर्ने शिक्षा पनि सामाजिक प्रक्रिया नै हो भन्न सकिन्छ। हरेक व्यक्तिले एक-अर्कासँग अन्तरक्रिया गरेर सामाजिक जीवनयापन गरिरहेका हुन्छन्। व्यक्ति-व्यक्तिबीचको अन्तरक्रिया जीवनभर निरन्तर चलिरहने प्रक्रिया हो। सामाजिक प्रक्रियाद्वारा नै बालकले विभिन्न आचरण र व्यवहार सिक्छ। वास्तवमा ती आचरण र व्यवहारमा आउने परिवर्तन शिक्षा हो। एउटा बालकको व्यक्तित्व विकासमा परिवारका सदस्य समुदाय सामाजिक संघ-संस्था, सञ्चारका साधन आदिबाट प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुगेको हुन्छ। विद्यालय, समाजमा स्थापित र व्यवस्थित शिक्षा प्रदान गर्ने औपचारिक संस्था हो।

समाजमा विद्यालय स्थापना व्यक्ति र समाजकै हितका लागि भएको हुन्छ। विद्यालयले सामाजिक-सांस्कृतिक मूल्य आदर्श नयाँ पुस्तामा हस्तान्तरण गर्ने र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अहम् भूमिका निर्वाह गरेको हुन्छ। विद्यालय, समाजको अभिन्न अंगका रूपमा रहेको हुन्छ। विद्यालयबिना समाजको प्रगति सम्भव छैन भने समाजबिना विद्यालयको अस्तित्व नै रहँदैन। यस दृष्टिकोणले हेर्ने हो भने विद्यालयलाई एउटा सानो समाजका रूपमा लिन सकिन्छ। कुनै पनि बालक जन्मदा नै खराब र असल भन्ने हुँदैन। ती क्षमतालाई विकास गर्ने काममा उसका बाबुआमा, अभिभावक, घरपरिवार, छिमेकी, समुदाय, विद्यालय तथा समाजको वातावरणले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

भिन्न-भिन्न समाजमा भिन्न किसिमका सामाजिक मूल्य-मान्यता, संस्कृति, आदर्शहरू हुन्छन्। सामाजिक बनोट प्रक्रिया संस्कृति अन्तरक्रिया आदिका आधारमा नै विद्यालयको पाठ्यक्रम शिक्षक विद्यार्थीको स्थान मूल्यांकन प्रक्रिया आदि निर्धारित हुन्छन्। त्यसै कारणले विद्यालय महत्वपूर्ण सामाजिक स्थल हो। यसको आफ्नो कुनै छुट्टै आदर्श वा पहिचान भन्ने हुँदैन। विद्यालय, समाजकै उपअंगका रूपमा समेत चिनिन्छ। दैनिक पठनपाठनका अतिरिक्त बालबालिकामा सामाजिक आचार-व्यवहारका दृष्टिले आवश्यक व्यावहारिक पाठसमेत विद्यालयमा सिकाउने भएकाले विद्यालयको भूमिका समाजकै अभिन्न अंगका रूपमा रहेका हुन्छ। समाजमा सहजरूपले जीवनयापन गर्नका आवश्यक योग्यता आचरण र व्यवहार विद्यालयबाट सिकाइन्छ।



विभिन्न पृष्ठभूमि भएका बालबालिकालाई सामाजिक एकता, समानता, सहिष्णुताको पाठ सिकाउँदै समाजसापेक्ष जीवननिर्वाह गर्न सक्ने नागरिक तयार गर्न विद्यालयको महत्वपूर्ण भूमिका हुन्छ। समुदायको आवश्यकता अनुसार विद्यालय सञ्चालन भएको हुन्छ। विद्यालयको उद्देश्य तथा कार्यहरू प्रत्यक्षरूपमा समुदायका आवश्यकतामा आधारित हुन्छन्। साँचो अर्थमा भन्ने हो भने विद्यालय सामुदायिक स्रोत हुन्। विद्यालयले बालबालिकाको चौतर्फी विकास गर्न भावी जीवनका लागि उनीहरूलाई तयार गर्ने र सामाजिक कुशलताको विकास गर्ने काम गरिरहेका हुन्छन्। समुदायले आफ्ना बालबालिकाको शिक्षाका लागि विद्यालयको स्थापना गर्छ। त्यसरी स्थापित विद्यालयले समाजलाई आवश्यकता भए अनुरूपको सेवा प्रदान गर्ने कार्य गर्छ। समाजलाई विकसित र प्रगतिपथमा डो"याउनका लागि विद्यालय महत्वपूर्ण हुन्छ।

जहाँ विद्यालयहरू र त्यहाँबाट शिक्षा दिइएको छ भने त्यो समुदाय उन्नत हुन्छ। यस हिसाबले हेर्दा समुदाय र विद्यालय एक-अर्कामा अन्तरसम्बन्धित र अन्तरनिर्भर हुन्छन्। विद्यालयको स्थापना समुदायमै हुने र समुदायबाटै विद्यार्थी आउने हुनाले त्यहाँको सामाजिक तथा सांस्कृतिक व्यवहारको प्रभाव विद्यालयमा पर्छ। फेरि विद्यालयबाट प्राप्त ज्ञान, सीप, क्षमताले विद्यार्थी तथा समुदायका सदस्यहरूको संस्कृति तथा सामाजिक विकासमा सहयोग पुग्छ। यसरी हर्ने हो भने पनि विद्यालय र समुदाय एकआपसमा अन्तरनिर्भर शक्तिहरू हुन् र एउटाले अर्काको विकासमा सहयोग गरिरहेका हुन्छन्। विद्यालयका लागि समुदायले नै स्रोतसाधन उपलब्ध गराएको हुन्छ।

विद्यालय सञ्चालनको जिम्मा केवल सरकारको हो भन्ने धारणालाई हटाएर नागरिक समाज र विशेष गरी अभिभावकको प्रतिनिधिमूलक संस्था विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न र विद्यालयको महत्वपूर्ण अंगका रूपमा स्थापित गर्न प्रयत्न भएको पाइन्छ। यसै दृष्टिकोणले सामुदायिक विद्यालयहरू समुदायलाई हस्तान्तरण गर्ने अर्थ पनि भएका पाइन्छन्। नागरिक समाजमा रहेका स्रोतव्यक्तिहरू विद्यालयका लागि परिचालन हुन नसक्नु, विद्यालयमा राजनीतिकरण हुनु, विद्यालयले नागरिक समाजबाट लिनुपर्ने सहयोग लिन नसक्नु जस्ता कारणले सामुदायिक विद्यालयमा समस्या देखिने गरेका छन्। विद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रममा भाग लिन लगाएर अभिभावक हित सामाजिक कार्यक्रमको आयोजना गर्नुपर्छ।

विद्यालयका समस्याहरूका बारेमा नागरिक समाजलाई जानकारी गराएर समुदाय र विद्यालयका उन्नतिका लागि समुदायको बैठक आयोजना गरेर विद्यालयमा बौद्धिक तथा मनोरञ्जन कार्यक्रम सञ्चालन गरेर समुदाय विद्यालयको सम्बन्ध थप बलियो बनाउन सकिन्छ। विद्यालयको व्यवस्थापन समितिमा नागरिक समाजका प्रतिनिधिहरूबाटै छनोट गरी विद्यालय सञ्चालनका लागि सामूहिक समझदारी कायम गरी विद्यालय र नागरिक समाजबीच प्रत्यक्ष सम्पर्कको मार्ग सदा खुल्ला राख्नुपर्छ। त्यस्तै विद्यालयलाई सहयोग गर्ने नागरिक समाजका अग्रज व्यक्तिहरूका नाममा शिल्ड ट्रफी छात्रावृत्ति आदिको व्यवस्था गरी समुदायका नागरिकलाई उत्प्रेरित गर्न सकिन्छ।

विद्यालयको हितमा कार्य गर्ने व्यक्तिलाई अभिनन्दन गर्ने प्रशंसापत्र दिएर सम्मान गर्ने विद्यालयको रेखदेख गर्ने मूल्यांकन् निरीक्षण जस्ता कार्यक्रम समेत नागरिक समाजका सक्रिय व्यक्तिलाई समावेश गराई विद्यालय समुदाय सम्बन्धलाई थप अगाध बनाई शिक्षाको विकासमा अझै प्रभावकारी ढंगले अगाडि बढ्न सक्ने वातावरण निर्माण गर्नुपर्छ। *कारोबार*





STUDY IN JAPAN
2020 OCTOBER INTAKE STUDENT VISA
Note: Preparation Classes for JLPT, NAT & JLCT N4/N5
Teacher
सम्पर्क:
HAYASA JAPANESE LANGUAGE INSTITUTE
Bhadrapur road, urbashi chowk, Birtamod-4
Tel: 023-540125, 9824978991

Divine Int'l Acadamy (Dia)
Trail Exam
Birtamode 023-543821, 9823714550

Senti Virus
Senti Virus
Senti Virus

Nano Technology

On Line Food Delivery
Food station
kankai road Birthamode

(Email: kvvservices@gmail.com)

# अधिकारी र याक्थुम्बाको विदाइ



**चारपाने, फागुन ८।** हुन त सरकारी राष्ट्रसेवक कर्मचारीको सरुवा बढुवा अनिवार्य प्रक्रिया हो, कुनै नौलो र महान उपलब्धि पनि होइन। वर्षमा धेरै कर्मचारीहरु एक स्थानदेखि अर्को स्थान सरुवा भएर जाने आउनेक्रम चलि नै रहेको हुन्छ।

यस्तो कार्यको बारेमा सामान्य नागरिकलाई खासै चासोको विषय पनि रहँदैन र जानकारी पनि भएको हुँदैन। कर्मचारीले जति पनि काम गरेका हुन्छन् त्यो उसको कर्तव्य र जिम्मेवारीभित्र पर्ने कुरा हो।

त्यस्तै आफ्नो काम र कर्तव्यमा रहेर काम गर्दै जाँदा व्यक्तिगत रुपमा बोलीचालीदेखि लिएर डिउटी गर्ने कर्मचारी मात्र नभएर एक सहयोगी, साथीभाइ मित्रजनको व्यवहार गर्ने र इमान्दारीताका साथ कार्यसम्पादन गर्ने कर्मचारीहरु नागरिकको नजरमा खास र उत्कृष्ट ठहरिएका हुन्छन्।

त्यस्ता कर्मचारीलाई सरुवा भएर जानेबेलामा स्थानीय नागरिक समाज संघ-संस्थाका प्रमुख प्रतिनिधिहरुले सम्मान बिदाइ गर्ने चलन समाजमा नयाँ पनि होइन। झापाकै कुरा गर्ने हो भने धेरै कर्मशील कर्मचारीहरुलाई झापाबासीले सम्मान र बिदाइ गरिसकेका छन्। त्यस्तै कर्मशील कुशल नेतृत्व बहन गर्ने दुईजना कर्मचारीलाई बिर्तामोडमा एक कार्यक्रम आयोजना गरेर सम्मानसहित विदाइ गरिएको छ।

बिर्तामोड उद्योग वाणिज्य संघको संयोजनमा स्थानीय ५१ वटा संघ-संस्थाका प्रतिनिधि, नागरिक समाजका अगुवाहरुले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख होमप्रसाद अधिकारी र श्री नयाँ श्रीनाथ गण चारआलीका गणपति मुक्स याक्थुम्बालाई सम्मानसहित विदाइ गरेका हुन्।

ट्राफिक प्रहरी प्रमुख अधिकारी प्रहरी तालिम केन्द्र विराटनगर र गणपति याक्थुम्बा सिंहदरवार सरुवा भएर जान लागेका हुन्। उनीहरुलाई बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष कार्यक्रम संयोजक कुमार भट्टराई, जिल्ला प्रहरी प्रमुख कृष्ण कोइराला, इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मुकुन्द रिजाल, झापा फुटबल क्लवका अध्यक्ष महेन्द्रकुमार गिरी, बिर्तामोड खानेपानी उपभोक्ता समिति अध्यक्ष जलकुमार गुरुङ, पूर्वाञ्चल प्लाइउड उत्पादक संघ झापाका अध्यक्ष दिपेन्द्र पोखरेल, वीरता जेसीजका अध्यक्ष मिजास पोखरेल, वीरता लेडी जेसीजकी अध्यक्ष शुष्मा पौडेल, झापा फुटबल क्लवका संस्थापक अध्यक्ष होम पाण्डे, व्यवसायी केदार गिरी, देविभक्त श्रेष्ठ, निर्मल भट्टराई लगायतले माला, खादा र प्रशंसापत्रद्वारा सम्मान गरी विदाइ गरेका थिए।

त्यस्तै सोही कार्यक्रममा जिल्ला ट्राफिक प्रहरीको नेतृत्व सम्हाल्न आएका ट्राफिक प्रमुख प्रकाश जबेगूलाई स्वागत गरियो। कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव प्रसान्त भण्डारीले गरेका थिए।

# होलीवेजिलको रजत महोत्सवमा सम्मान





**लक्ष्मीपुर, फागुन ८।** अर्जुनधारा-५ लक्ष्मीपुरस्थित होलीवेजिल एजुकेशन फाउण्डेशनको रजत महोत्सवको अवसरमा पूर्वाञ्चलकर्मीसहित १३ जनालाई सम्मान गरिएको छ।

२०५२ सालमा स्थापना भएको सो विद्यालयको स्थापनाकालदेखि शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै पूर्वाञ्चल दैनिकका उपसम्पादक तथा पूर्व शिक्षक तुलसीप्रसाद निरौला र लक्ष्मीपुर संवाददाता पूर्णबहादुर कटुवाललाई सम्मान गरिएको हो। सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरु नेत्रबहादुर नेपाल, सूर्य रिमाल, देवराज निरौला, संस्थापक शिक्षकहरु कल्पना खड्का, युवराज खड्का, मदनबाबु भण्डारी, रमेश मुर्मू, लामो समयदेखि शिक्षण गर्ने कमला पाण्डे, विष्णु कटुवाल, कोपिला थापा र देवराज तिम्सिनालाई समेत सम्मान गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीतबहादुर चौहानको अध्यक्षता तथा प्याब्सन झापाका अध्यक्ष एलपी उप्रेतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थापक प्रिन्सिपल हरि खड्काले विद्यालयका विविध गतिविधि माथि प्रकाश पारेका थिए।

कार्यक्रममा विद्यालयका संस्थापक जमुना खड्का, भानु माविका प्रधानाध्यापक रुपक दाहाल, हिमाली माविका प्रधानाध्यापक केशव ओझा, नवोदय अंग्रेजी स्कूलका प्रिन्सिपल धर्मराज माझी, कनकाई नपा वडा नं. ८ का वडाध्यक्ष प्रेमबहादुर कटुवाल, समाजसेवी गोपाल कटुवाल, लीलाबहादुर कटुवाल, बलबहादुर खड्का, गणेश खड्का, भानु मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज खड्का, शिक्षक अभिभावक संघका अध्यक्ष तारा कार्की, समाजसेवी प्राविका अध्यक्ष गणेश कार्की, लक्ष्मीपुर बजार व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर बस्नेत, बागेडाँगी सहकारीका अध्यक्ष उमानाथ लम्साल, पाण्डव सहकारीका अध्यक्ष पुष्प घले, हेमराज चापागाईं, खिलराज कार्की, धनबहादुर खड्का, भानु माविका संस्थापक सुभाष खड्का, समाजसेवी गणेश कार्की, डम्बर थापा लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले विविध सांस्कृति कार्यक्रम तथा नृत्य प्रस्तुत गरेका थिए। विद्यालयको खेलकुद लगायतका कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो। विद्यालयका कार्यक्रम शिक्षक तथा कार्यक्रम संयोजक प्रजिल खड्काले संयोजन गरेको कार्यक्रमको सञ्चालन शिक्षक सविना कार्की र विद्यार्थीहरु योग्यता भण्डारी, सेविका गिरी, विविशा ढुंगाना र मेघा लिम्बूले गरेका थिए।

# स्ववस्तिकाको ३४औं वार्षिकोत्सव



**अर्जुनधारा, फागुन ८।** अर्जुनधारा-८ स्थित स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयको ३४औं वार्षिकोत्सव सम्पन्न भएको छ।

विद्यालयका प्रबन्ध निर्देशक वसन्तकुमार श्रेष्ठको अध्यक्षता र नगर प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वागत प्रधानाध्यापक ओमप्रकाश ओझाले गरेका थिए। विद्यार्थीहरुकोतर्फबाट छात्रा गरिमा तिम्सिनाले स्वागत गरेको कार्यक्रममा पूर्व विद्यार्थी तथा निर्माण व्यवसायी विजय सेन्दाङ, एसईई २०७५ का उत्कृष्ट छात्र विवेक अधिकारी र छात्रा बन्दना न्यौपाने, वर्ष उत्कृष्ट अभिभावक माया पौड्याल र ज्येष्ठ अभिभावक देउमाया नेपाललाई सम्मान गरिएको थियो।

विद्यालयको वर्तमान गतिविधि र भावी रणनीतिसहितको प्रतिवेदन प्रधानाध्यापक ओझाले प्रस्तुत गरेको कार्यक्रममा अर्जुनधारा-८ वडा समितिका अध्यक्ष गोपीचन्द्र गौतम, नगर प्याब्सनका अध्यक्ष रुद्रप्रसाद सिटौला, सीपीएफ नेपालका प्रशिक्षक विनोद कार्की, अभिभावक संघका अध्यक्ष दिपीन राई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

विद्यालय अन्तर्गत रहेका राष्ट्रिय सेवा दलले मार्च पास प्रदर्शन गरेको कार्यक्रममा विद्यार्थीहरुले गीत, नृत्य, कविता, रायम्स, फेसन शो, समाचार, तोङ इल मोदो लगायत प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन शिक्षक सीपी सुवेदी र विद्यार्थीहरु गरिमा तिम्सिना र स्मारिका राना मगरले गरेका थिए।

## खोलमा डुबेर एकजनाको मृत्यु

**इलाम, फागुन ८।** इलाम देउमाई नगरपालिका-८ का १८ बर्षीय नवीन अधिकारीको खोलामा डुबेर मृत्यु भएको छ।

सोही नगरपालिका-९ स्थितमा रहेको गुनमुनेको माइखोलाको ड्याममा पौडी खेल्ने क्रममा एक्कासी डुबेर अधिकारीको मृत्यु भएको प्रहरी चौकी चिसापानीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ।

# आल्मुनियमको बढ्दो प्रयोग



शहरीकरण बढ्दो छ। दिन प्रतिदिन नयाँ-नयाँ घर निर्माण भइरहेका छन्। गाउँदेखि शहरसम्म नै नयाँ-नयाँ डिजाइनका घर निर्माण भइरहनु र पर्याप्त काठ नपाउनु अहिलेको प्रमुख समस्या हो। जलवायु परिवर्तनको असर, दिगो वन व्यवस्थापन आदि कारणले घर निर्माणका लागि पर्याप्त काठ पाउन मुस्किल छ। त्यसमाथि पनि वन लगाउनेभन्दा मासिने क्रम तीब्र भएपछि काठ अपुग हुन्छ। झापामा रहेका सबै बन समुदायमा हस्तान्तरण भएका छन्। लक्षित समुदायभन्दा बाहिर काठ पाउन मुस्किल भएको समयमा वैकल्पिक साधनको रुपमा अहिले घर निर्माणकर्ताले आल्मुनियमको प्रयोग गर्न थालेका छन्। तर, गुणस्तरीय आल्मुनियम घर निर्माणमा प्रयोग गर्न नपाउँदा अघिकांश नयाँ घर निर्माणकर्ता पछिल्लो समय आजित बनेका छन्।

हुन त नेपालमा आल्मुनियमको व्यापार शुरु भएको लामो समय भएको छैन। काठ नपाएपछि बैकल्पिकका रुपमा आल्मुनियमको प्रयोग गरिँदै आएको अहिले आल्मुनियमको प्रयोग अनिवार्य जस्तै भएको छ। नयाँ घर, अफिस, वा जुनसुकै भौतिक संरचना निर्माण गरे पनि आल्मुनियम पहिलो प्राथमिकतामा पर्न थालेको छ। केही समय अघिसम्म शहरी क्षेत्रमा मात्र प्रयोग हुँदै आएको आल्मुनियम अहिले ग्रामीण क्षेत्रमा पनि उत्तिकै प्रयोग हुन थालेको छ। आल्मुनियम प्रयोगकर्ताको संख्या दिन प्रतिदिन बढ्दै गएपछि आल्मुनियमको व्यवसाय पनि विस्तारै फष्टाउँदै गएको छ। अहिले झापामा आल्मुनियम विक्रीका लागि आधिकारिक सप्लायर्स कमै मात्रामा छन्। तर, सुनसरीको इटहरी, मोरङको विराटनगर जस्ता ठूला बजारमा यसको सप्लायर्स खुलेका छन्।

पछिल्लो समय झापामा पनि आल्मुनियमका सबै सामग्री एउटै छानामुनि पाउन सक्ने व्यवस्था सहित बिर्तामोडमा ब्रम्हबारा ट्रेडिङ्ग प्रालिले आध्या आल्मुनियमको विक्री बितरण शुरु गरेको छ। पूर्वका चार जिल्लालाई लक्षित गर्दै प्रालिले आध्याका आल्मुनियम बिक्री शुरु गरेको हो। यसले सप्लायर्सका रुपमा झापासहित इलाम, पाँचथर र ताप्लेजुङ्गसम्म आल्मुनियमका सबै सामग्री उपलब्ध गराउने भएको छ। आध्या ब्राण्डको आल्मुनियम आफैंमा राम्रो, भरपर्दो र टिकाउ हुन्छ। यसको फिनिसिङ राम्रो हुने भएकाले घर तथा निर्माण गरिएका जुनसुकै भौतिक संरचनामा प्रयोग गर्दा पनि नट नखुकुलिने, नवाङ्गिने र दोहोरो खर्च नलाग्ने, वारेन्टीसहित वजारमा आएको छ। खर्चको हिसावले समेत अत्यन्त शुलभ मूल्यमा पाइने भएपछि काठको तुलनामा यसको प्रयोग फाइदाजनक हुने ब्रह्मबारा ट्रेडिङ्ग प्रालिका सञ्चालक पर्शुराम सुवेदीले बताए।

आध्या आल्मुनियम नेपालमा पछिल्लो समय नाम चलेको अल्मुनियमको ब्राण्ड हो। यो ब्राण्डका सामग्री प्रयोगमा ग्राहकले सन्तुष्टि प्राप्त गर्ने र कुनै गुनासो नआउने भएपछि यसको वजारीकरण आफूहरुले शुरु गरेको सुवेदी बताउँछन्। उनी भन्छन्- यहाँको बढ्दो माग र बजारलाई मध्यनजर गर्दै स्वदेशमै लगानी गरेको हुँ। कमाउनेभन्दा सेवा गर्ने रहर जागेर आध्या आल्मुनियमको व्यवसाय शुरु गरेको उनको भनाइ छ।

यसको प्रयोगले बढ्दो बन विनाशका कारण वातावरणमा परेको असरलाई कम गर्न सकिन्छ- उनी भन्छन्- काठभन्दा आल्मुनियमको प्रयोगले घरको डिजाइन पनि देखिने र बन विनासपनि कम हुने हुँदा घर निर्माणकर्तालाई आल्मुनियमको प्रयोग गर्न मेरो सल्लाह छ। मेरोमा आल्मुनियमका सामग्री खरिद गर्नुहोस् भन्ने मेरो भनाइ होइन आफूले प्रयोग गरेको आल्मुनियमको सामान कत्तिको भरपर्दो र टिकाउ छ, त्यो चाहिँ हेर्नु होला।

आल्मुनियम व्यवसाय गर्ने व्यवसायी अहिले झापामा संगठित छैनन्। झापामा वार्षिक कति आल्मुनियम खपत हुन्छ कुनै निकायसँग पनि आधिकारिक तथ्याङ्क छैन। तर, यसको प्रयोग भने बढ्दो छ। यसको बजारलाई अझ प्रभावकारी र मर्यादित बनाउन आल्मुनियम व्यवसायीहरु संगठित हुन भने जरुरी देखिएको छ। प्रतिस्पर्धाको बजारले ग्राहकलाई फाइदा पुग्ने देखिए पनि गुणस्तरीय सामग्री प्रदान गर्न सकिएन भने ग्राहक ठगिने भएकाले सबै आल्मुनियम व्यवसायीहरु संगठित हुँदै स्वच्छ प्रतिष्पर्धा गर्दै गर्दा यसको वजारलाई व्यवस्थित गर्नु आजको आवश्यकता हो।

**विदेशबाट फर्किएर आल्मुनियम व्यवसाय**

मोरङको पथरी-शनिश्चरे नगरपालिकाका पर्शुराम सुवेदीले विदेशमा आठ वर्ष बिताए। उनले जापानमा आठ वर्षसम्म श्रम र पसिना बगाउँदा धन आर्जनसँगै ज्ञान र सिप पनि सिके। विदेशमा सिकेको सिपलाई अहिले स्वदेशमा सदुपयोग गर्दै सेवामा लागेका छन्। वातावरण संरक्षणका क्षेत्रमा रुची राख्ने उनले अहिले आल्मुनियमको प्रयोगलाई बढावा दिएका छन्। जसका लागि उनले झापाको बिर्तामोडमा आल्मुनियम सम्वन्धी व्यवसाय शुरु गरेको बताएका छन्।

युवा अवस्थामा आफ्नै ठाउँमा केही गर्नुपर्छ र सिकेको सिपलाई सदुपयोग गर्दै स्वादेशमा नै लगानी गर्दा आफू पनि स्वरोजगार हुने र अरुलाई पनि स्वरोजगार बनाउन सकिने भन्दै उनले लाखौं रुपैयाँ लगानी गरेर आल्मुनियम व्यवसाय शुरु गरेका छन्। जुन व्यवसायले उनलाई झापामा मात्र होइन पूर्वमै सफल युवा व्यवसायीका रुपमा चिनाएको छ। मेरो पहिलो लक्ष्य भनेकै वातावरण संरक्षण हो- पर्शुराम भन्छन्- वातावरण संरक्षणका लागि वृक्षरोपण अनिवार्य छ अनि भएका विरुवाको संरक्षण गर्न जरुरी छ। तर, झापासहित देशैभर घर निर्माणको क्रम तीव्र हुँदा वन जंगल नासिँदैछ। यही अवस्था रहे नेपाल एक दिन उजाड हुन्छ। तसर्थ वृक्षरोपणमा लागेर वन संरक्षणका लागि सबैलाई आग्रह गर्छु। अनि घर निर्माण गर्दा काठको सट्टा आल्मुनियमको प्रयोग गरौं।'

पर्शुराम आफैले अहिले बिर्तामोडस्थित गोमेन्द्र मार्गमा आल्मुनियम पसल सञ्चालन गरेका छन्। घर निर्माणकर्तालाई उनी आफैं काठको सट्टा आल्मुनियमको प्रयोग गर्दा हुने फाइदाका विषयमा बताउँदै आएका छन्।

विदेशमा देखेको, गरेको र सिकेको सिपका कारण मलाई आल्मुनियम व्यवसाय गर्न प्रेरित गर्‍यो- उनी भन्छन्- विदेशमा काठको सट्टा आल्मुनियमको प्रयोग बढी हुन्छ। काठको प्रयोग हामीले मात्रै गर्ने हो। काठ प्रयोग गर्दा एक त वातावरण बिग्रछ अर्को घर निर्माणमा खर्च बढी हुन्छ। बचत गर्ने बानीको विकाससँगै नयाँ-नयाँ प्रविधि अपनाएर पनि सुरक्षित र व्यवस्थित घर बनाउन हामीले विदेशीबाट सिक्न जरुरी छ- सुवेदी भन्छन्- काठको तुलनामा आल्मुनियमको प्रयोग अहिले अतिउत्तम हुन्छ।

**आध्या आल्मुनियमको व्यवसाय नै किन ?**

यसले नेपालीको मन जितेको छ। यो नेपालकै प्रशिद्ध व्राण्ड बन्न सफल भएको छ। यो मिसावट रहित र वलियो, टिकाउ र भरपर्दो भएकाले यसको व्यवसाय शुरु गरेको हुँ- उनी भन्छन्- एकपटक प्रयोग गरेपछि मन खिन्न पार्नु पर्दैन। हामीले अहिले यस ठाउँबाट घर निर्माणका लागि झ्याल ढोका लगायतका पार्टिसनमा लाग्ने सबै सामग्री एकै ठाउँबाट उपलब्ध गराउँछौं। यहाँबाट आल्मुनियम हार्डवेयर, एसीपी वोर्ड, नेपाल वोर्ड, एसएस पाइपका सम्पूर्ण सामग्री उपलब्ध गराउँछौं।





## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि एकजना ड्राइभरको आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क राख्नु होला।

**पद : हेवी ड्राइभर (१ जना)** *हेवी लाइसेन्स भएको हुनुपर्नेछ।*

**तलब : आपसी समझदारीमा**

**सम्पर्कः ०२३-५४०३३५**

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।
- बालबालिकाहरुलाई विद्यालय पुर्‍याऔं। शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क **राजकुमार श्रेष्ठ**

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

मोबाइल : ९८५२६४६००५


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| ओमप्रकाश दाहाल | शान्तिनगर-८ | २०१ | ०-१-१० | भागिरथा न्यौपाने |
| देवेन्द्र दाहाल | शान्तिनगर-८ | १९६<br>१९८ | ०-४-१५<br>०-६-० | " |
| देवकुमार दाहाल | शान्तिनगर-८ | १९९ | ०-७-० | " |
| युद्धकुमार दाहाल | शान्तिनगर-८ | १९७<br>२०२ | ०-२-१५<br>०-२-५ | "<br>" |
| गणेश दाहाल | शान्तिनगर-८ | २०० | ०-८-१५ | " |
| उतरकुमार दाहाल | शान्तिनगर-८ | २०३ | ०-१-१० | " |
| रितबहादुर बोहोरा | कोरोबारी-९ | ७० | १-७-० | वेदरा राजवंशी |
| सुरेश ताजपुरिया | कोरोबारी-७ | ११५७ | ०-१-१९ | कालि ताजपुरिया/जगत कहार |
| कमल वा. सार्की | हल्दीबारी-८ | १६६२ | ०-३-० | गिन्सा/जिन्सा/गंसा हस्दा सतार |
| गंगादेवी राउत प्रसाई | दुहागढी-९ | ८४० | ०-०-१० | खोखा राजवंशी |
| जीवन प्रसाई | दुहागडी-९ | ८३९ | ०-०-१५ | खोखा राजवंशी |

# ५०औं पटकभन्दा बढी रक्तदान गर्ने सम्मानित



**बिर्तामोड, फागुन ८।** बिर्तामोड-४ मा रहेको विराट अर्जुन उपभोक्ता सहकारी संस्था लिमिटेडको आयोजनामा रक्तदान तथा रक्तदाता सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा झापामा ५०औं पटकभन्दा बढी रक्तदान गर्ने सात जनालाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा १०४औं पटक रक्तदान गर्ने सञ्चारकर्मी नेत्रविक्रम विमली, ७६औं पटक रक्तदान गर्ने तोर्णविक्रम कार्की, ७५औं पटक रक्तदान गर्ने सन्तोष अग्रवाल, ७०औं पटक रक्तदान गर्ने ओमप्रकाश लुइँटेल, दिपेश वैध, असारु राजवंशी, दीपक संग्रौला रहेका छन् ।

त्यस्तै ओ नेगेटिभ रक्त ग्रुप भएर पनि ४३औं पटक रक्तदान गर्ने भूपेन्द्र भण्डारी र नेत्रहीन भएर पनि १५औं पटक रक्तदान गर्ने चन्द्र भट्टराईलाई समेत सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष नवीन खरेलको अध्यक्षता तथा झापा क्षेत्र नं. २ कि सांसद पवित्रा निरौला खरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल, बिर्तामोड उपशाखा सभापति सजेश शिवाकोटी, संविधान सभा सदस्य नरेश खरेल, संस्थापक अध्यक्ष गोपाल काफ्ले लगायतले उनीहरुलाई सम्मान गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले झापामा विभिन्न कारणले हुने रगतको अभाव टार्न संस्थाले गरेको कार्यको प्रसंसा गरेका थिए भने सम्मानित रक्तदाता सन्तोष अग्रवालले संस्थाले रक्तदाताहरुलाई सम्मान गरेकोमा अझ हौसला थपिएको बताए ।

सोही कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी विर्तामोड उपशाखाको प्राविधिक सहयोगमा रक्तदान गरिएको थियो । कार्यक्रममा एक सय २० जनाले रक्तदान गरेको संस्थाका अध्यक्ष नविन खरेलले बताए । उनले संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त कार्यक्रम गरिएको बताए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव डिल्लीराम प्रसाईंले गरेका थिए ।

# मच्छिन्द्रका खेलाडी सम्मानित




**बिर्तामोड, फागुन ८।** मच्छिन्द्र फुटबल क्लबबाट लिग खेल्ने खेलाडीहरुलाई बिर्तामोडमा आयोजित कार्यक्रमका बीच सम्मान गरिएको छ। वीरता जेसीज, वडी ग्यारेज र तामा (नेपाली भान्सा)ले बिर्तामोडको तामा (नेपाली भान्सा) मा आयोजित कार्यक्रमका वीच उनीहरुलाई सम्मान गरेका हुन्।

कार्यक्रममा वीरता जेसीजका अध्यक्ष मिजाश पोखरेल, वडी ग्यारेजका सञ्चालक दिपेन चौधरी, तामा (नेपाली भान्सा)का सञ्चालक आशिष वन लगायतले मच्छिन्द्र फुटबल क्लबका प्रशिक्षक झापाका प्रवेश कटवाल, खेलाडीहरु विशाल राई 'बी' र योगेश गुरुङ, देवेन्द्र तामाङ, विमानप्रसाद राई, रेजिन सुब्बा, विशाल राई 'ए', स्ट्राइकर विमल घर्तीमगर लगायतका खेलाडीलाई सम्मान गरेको वीरता जेसीजका दिवाकर प्रसाईंले जानकारी दिए ।

झापाको शिवसताक्षीमा जारी सताक्षी गोल्डकप खेल्न आएका उनीहरुलाई खेल क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरिएको तामा (नेपाली भान्सा)का सञ्चालक तथा युवा व्यवसायी आशिष वनले बताए । कार्यक्रममा मच्छिन्द्र क्लवका प्रशिक्षक प्रवेश कटुवालले सम्मानले आफूहरुलाई हौसला मिलेको बताए । कार्यक्रमको सहजीकरण वीरता जेसीजका दिवाकरलाल चौधरीले गरेका थिए ।


## जग्गा बिक्रीमा




**बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कठ्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।**

**सिधा सम्पर्क**
**९८०४९९९७६६**


## मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) प्रतिवेदनमा राय सुझावको लागि सार्वजनिक सूचना

पूर्वाञ्चल राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७६/११/०९ गते इलाम जिल्लाको माई नगरपालिका (नाम) को वडा नं. ६ मा कार्यान्वयन गर्न प्रस्ताव गरिएको श्री चुलाचुली डडूई सामुदायिक वनको कार्ययोजना तयारी तथा कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदा वन तथा भू-संरक्षण विभागबाट स्वीकृत कार्यसूची अनुसार तयार भएको छ । उक्त प्रस्ताव कार्यान्वयन गर्दा वातावरण तथा स्थानीय बासिन्दामा पर्न सक्ने प्रभाव र सो मस्यौदा प्रतिवेदनमा राय सुझाव भए यो सूचना पूर्वाञ्चल राष्ट्रिय दैनिकमा पहिलोपल्ट प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र चुलाचुली निम्न ठेगानामा आई पुग्ने गरी उपलब्ध गराइ दिन हुनको लागि वातावरण संरक्षण नियमावली, २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशन गरिएको छ । यसै बमोजिमको राय सुझावै सम्बन्धित विभाग, निर्देशनालय तथा मन्त्रालयलाई पनि पठाउन सकिने छ ।

उक्त प्रस्तावको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययन गर्न वा आफैले उतार गरी लैजानको लागि डिभिजन वन कार्यालय, इलाम, सव-डिभिजन वन कार्यालय, सुखानी तथा प्रस्तावकको कार्यालयमा राखिएको व्यहोरा अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना**
प्रस्तावकको नाम : **श्री चुलाचुली डडुई सामुदायिक वन उपभोक्ता समूह**
**ठेगाना : माई नगरपालिका वडा नं. ६, इलाम**
**फोन : ९८१४९२९२४४, ९८४४६८५२८५**


## 'गुणस्तरीय सामान गणपतिको पहिचान'

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोडुलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
**प्रो.** गोपाल सिटौला
**९८५२६७१४२२, ९८१६००६३७३**

**सम्पर्क**
**सुरुङ्गा, भगवानचोक**
**बिर्तामोड र गरामनी झापा**
**९८२४९७३५३६ – पदम**
**९८१४०५२६०१ – राम**

## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरूलाई रोजगारको सुवर्ण अवसर

**नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।**

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोटः युएईको No 1 CARS TAXI L.L.C. ABUDHABI कम्पनीको लागि १०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ। तलब ८०० बेसिक+ ४०प्रतिशत कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु–सम्पर्क गर्नुहोला। उमेरको हकमा २१ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।**

**फाइनल अन्तरवार्ता फागुन १३ गते मंगलवार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)


# एक्सेल डेभलपमेन्ट बैंक लि.
## Excel Development Bank Ltd.

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा, नेपाल


फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

# ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०७६/११/०९)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शीर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने सांवा, व्याज तथा अन्य दैदस्तूर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संचालक लगायत ऋणकर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चूक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैंत्तिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण सांवा, व्याज र अन्य दैस्तूर चूक्ता भुक्तान गर्नू/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७४ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानी कर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठई कर्जाको सूरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पुर्ण लेना रकम असूल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सूरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नू परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पुर्ण बक्यौता असूल उपर नभएमा असूल उपर हून नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्रसं | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पूस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/ सञ्चालक एवम् जमानतकर्ताको फोटो | ठेगाना | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|---|
| १. | **ऋणी:** घरेलू तथा साना उद्योग कार्यालय, भद्रपूर झापामा दर्ता नं. ७५/४०/१००५५ कायम रहेको हाम्रो सूनचांदी पसलका तर्फवाट ऐ.का प्रोप्राईटर भगिरथ पोखरेलको नाती विष्णू प्रसाद पोखरेलको छोरा सूनसरी जिल्ला, बराहछेत्र गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दूधे बजार बस्ने मिती २०५८।०९।०९ मा जिल्ला प्रशासन कार्यालय सूनसरीवाट जारी गरिएको ना. प्र. नं २३१।३१८।०४४ भएको बर्ष ४६ को श्री कृष्ण पोखरेल । | १. चालूपूंजी कर्जा २. आवाश कर्जा ३. छोटो अवधि कर्जा |  कृष्ण पोखरेल | झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दूधे बजार | श्री कृष्ण पोखरेलको नाममा मा.पो.का., दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. ०७, साबिक: शिवसताक्षी न.पा. वडा नं. ११ स्थित कि.नं. ७०७० को क्षेत्रफल बि.क.धु. ०-०-५, कि.नं. ९०१७ को क्षेत्रफल बि.क.धु. ०-०-९, कि.नं. ९०४८ को क्षेत्रफल बि.क.धु. ०-०-२.५, कि.नं. ९६३९ को क्षेत्रफल बि.क.धु. ०-०-१.२५, कि.नं. ९६४१ को क्षेत्रफल बि.क.धु. ०-०-२, र सो जग्गाहरुमा बनेको घर, |
| | **व्यक्तिगत जमानीकर्ताहरु :** श्रीमती मञ्जु पोखरेल, बाबू : देवी प्रसाद घिमिरे, पति : कृष्ण पोखरेल | |  मञ्जु पोखरेल | झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दूधे बजार | कि.नं. १६८०४ को क्षेत्रफल बि.क.धु. ०-११-१९.५०, कि.नं. २१७३८ को क्षेत्रफल बि.क.धु. ०-१-६.७५, कि.नं. २२०५७ को क्षेत्रफल बि.क.धु. ०-७-१०, कि.नं. १८७८ को क्षेत्रफल बि.क.धु. ०-१४(५.७५, कि.नं. १८६९ को क्षेत्रफल बि.क.धु. ०-१५-६.७५, कि.नं. ६४९ को क्षेत्रफल बि.क.धु. १-२-१९, कि.नं. ८६ को क्षेत्रफल बि.क.धु. ०-२-० को जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **श्री खगेन्द्र पोखरेल** बाबू : विष्णू प्रसाद पोखरेल, बाजे : भगिरथ पोखरेल | | खगेन्द्र पोखरेल | झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दूधे बजार | श्रीमती मञ्जु पोखरेलको नाममा मा.पो.का., दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ११, दुधे बजार साबिक शिवगजं गा.वि.स वडा न ०७ स्थित कि.नं. २१७३६ को क्षेत्रफल बि.क.धु. ०-१-६.७५ (अक्षरमा एक कठ्ठा ६ दशमलव पचहत्तर धुर) को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| २. | **ऋणी:** घरेलू तथा साना उद्योग कार्यालय, भद्रपूर झापामा दर्ता नं. ३/३०६४ कायम रहेको सिद्धेश्वरी ट्रेडिभ कन्सर्नका तर्फवाट ऐ.का साझेदार जय नारायण कट्टेलको नाती त्रिलोचन कट्टेलको छोरा झापा जिल्ला, बुधबारे गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बूद्धशान्ति गा.पा., वडा नं. ०१, बस्ने मिती २०५६।०१।६ मा जिल्ला प्रशासन कार्यालय झापावाट जारी गरिएको ना. प्र. नं ४०४१५२५ भएको बर्ष ३७ को श्री रोहित कूमार कट्टेल एवं देवी प्रसाद गौतमको नाती सिताराम गौतमको छोरा झापा जिल्ला, बुधबारे गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बूद्धशान्ति गा.पा., वडा नं. ०२, बस्ने मिती २०६७०९।२५ मा जिल्ला प्रशासन कार्यालय झापावाट जारी गरिएको ना. प्र. नं ०४१००८/१४८२ भएको बर्ष ३० को श्री राजन गौतम | चालूपूंजी कर्जा |  रोहित कुमार कट्टेल | झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ०१, साबिक बूधबारे गा.वि.स वडा नं. ०१ | श्री त्रिलोचन कट्टेलको नाममा मा.पो.का.,भद्रपूर, झापामा, दर्ता कायम रहेको झापा जिल्ला, बूद्धशान्ति गा.पा., वडा नं. ०१, साबिक बुधबारे गा.वि.स वडा नं. ०३ स्थित कि.नं. २१६४ को क्षेत्रफल बि.क.धु. ०-७-३ (अक्षरमा सात कठ्ठा तिन धुर), कि.नं. ४७४ को क्षेत्रफल बि.क.धु. ०-६-८ (अक्षरमा छ कठ्ठा आठ धुर) र सबै जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानीकर्ताहरु :** १) श्री राजन गौतम, बाबू : सिताराम गौतम, बाजे : देवी प्रसाद गौतम | |  राजन गौतम | झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ०२, साबिक बूधबारे गा.वि.स वडा नं. ०४ | |
| | **२) श्री त्रिलोचन कट्टेल** बाबू : जय नारायण कट्टेल, बाजे : लक्ष्मि कान्त कट्टेल | |  त्रिलोचन कट्टेल | झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ०१, साबिक बूधबारे गा.वि.स वडा नं. ०१ | |
| ३. | **ऋणी: श्री देवी रमण उप्रेती** बाबु: लक्ष्मि प्रसाद उप्रेती, बाजे: ध्रुवलाल उप्रेती | ब्यक्तिगत ओडी कर्जा |  देवीरमण उप्रेती | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | लक्ष्मि प्रसाद उप्रेतीको नाममा मा.पो.का., भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चकचकी गा.वि.स., वडा नं. ०५ स्थित कि.नं. २१७ को क्षेत्रफल बि.क.धु. ०-५-५ (अक्षरमा पाच कठ्ठा पाच धुर) र कि.नं. २१६ को क्षेत्रफल बि.क.धु. १-२-० (अक्षरमा एक विगाहा दुई कठ्ठा) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |
| | **ब्यक्तिगत जमानीकर्ता :** नाम : लक्ष्मि प्रसाद उप्रेती, बाबू : ध्रुवलाल उप्रेती, बाजे : प्रतिमान उप्रेती | |  लक्ष्मीप्रसाद उप्रेती | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| | **ब्यक्तिगत जमानीकर्ता :** [redacted] क | |  संगीता कट्टेल | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| | | |  हरिभक्त उप्रेती | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| | | | देवीमाया उप्रेती | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| | | |  मीनाकुमारी पाठक | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| ४. | ऋ[redacted] | आवधिक कर्जा |  संगीता कट्टेल | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | सगिता कट्टेलको नाममा मा.पो.का., भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चकचकी गा.वि.स., वडा नं. ०८ स्थित कि.नं. ५७ को क्षेत्रफल बि.क.धू. ०-२-१८ (अक्षरमा दूई कठ्ठा अठार धूर) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| | ब[redacted] प[redacted] | |  देवीरमण उप्रेती | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ | |
| | ब्[redacted] न[redacted] ब[redacted] ब[redacted] | | | | |

[redacted]